# नेपालको आर्थिक विकासका लागि प्राथमिकता प्राप्त जडीबुटीहरू

प्रकाशक
नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
**वनस्पति विभाग**
थापाथली, काठमाडौं, नेपाल ।
२०६७

पहिलो प्रकाशन : ५०० प्रति
२०६३ असार

पुनः प्रकाशन : ६०० प्रति
२०६६ असार

तेस्रो प्रकाशन : ५०० प्रति
२०६७ बैशाख

© सर्वाधिकार वनस्पति विभागमा सुरक्षित

जडीबुटी एवं गैरकाष्ठ वन पैदावार समन्वय समिति संगको सहकार्य

साभार : वनस्पति विभाग (२०६३), नेपालको आर्थिक विकासका लागि प्राथमिकता प्राप्त जडीबुटीहरु, थापाथली, काठमाण्डौं, पृ. १२५

आवरण तस्वीर : सर्पगन्धा

# मन्तव्य

परापूर्वकालदेखि स्वास्थ्य उपचारमा प्रयोग हुने विभिन्न जडिबुटीहरुको अमूल्य सम्पदा हाम्रो देश नेपालमा पनि कम छैन। धेरै जसो वैज्ञानिक अध्ययन अनुशन्धानमा करीव ७०० वनस्पतिहरु जडिबुटीको रुपमा प्रयोग हुँदै आइरहेका छन्। आजभन्दा तीनहजार वर्षपहिला नै विकास भइसकेको आयुर्वेद, आदिकालदेखिको विभिन्न जनजातिहरुको पारम्पारिक ज्ञानहरुको संगमस्थल नेपालमा अद्यापि जडिबुटीहरुको अधिकांस मात्रा जंगली स्रोतबाट नै संकलन गर्ने, प्रयोग गर्ने र व्यापार व्यवशाय गर्ने चलन छ। पछिल्ला दशकहरुमा वातावरणीय स्वच्छतामा निरन्तर ह्रास आइरहेको र प्राकृतिक स्रोतको बढ्दो प्रयोगले गर्दा यस्ता जडिबुटीहरुको माग राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा दिनानुदिन बढ्दै गइरहेको छ। यसै तथ्यलाई विचार गरी वैज्ञानिक खेति प्रविधि विकास गरी अन्य खाद्य र नगदेवाली सरह नै जडिबुटीहरुको पनि दीगो खेति गर्न प्रोत्साहन मिलोस् भनेर वनस्पति विभागले समय समयमा विभिन्न पुस्तक, पुस्तिका, ब्रोसर, पोस्टर आदिको छपाई र वितरण गर्दै आइरहेको छ। यसै कार्यानुरुप वि.सं. २०६३ असारमा छापिएको यो पुस्तक भित्र नेपालमा अधिक सम्भावना बोकेका तीस (३०) वटा जडिबुटीहरुको सामान्य परिचय, उपयोगिता, संकलन र प्रसारण विधीहरुको बारेमा छोटो मिठो जानकारी दिइएको छ। पुस्तक छापिएको तीन वर्ष भित्रै जनसमुदायमाझ लोकप्रिय यो पुस्तकको पुनःप्रकाशन गर्न पाउँदा मलाई खुसी लागेको छ।

यस पुस्तकले जडिबुटी कृषक, संकलक, विद्यार्थीवर्ग, जडिबुटी व्यापारी र प्रशोधनकर्ता एवं केही हदसम्म अनुशन्धानकर्ताहरुलाई समेत सहयोग पुऱ्याउनेछ भन्ने आशा लिएको छु। जडिबुटीहरुको रंगीन तस्वीर र परिचयात्मक अनुच्छेदहरुले जडिबुटी पहिचानमा सरलकृत हुने अपेक्षा पनि गरेको छु। पुस्तक प्रथम पटक प्रकाशनार्थ आफ्नो अमूल्य समय र ज्ञान दिई यो रुपमा पुस्तक प्रकाशन गर्न सहयोग गर्नु हुने विभागका तत्कालीन कर्मचारीहरु धन्यबादका पात्र हुनुहुनछ। पुस्तकको पुनर्प्रकाशनमा आफ्नो अमूल्य समय र ज्ञान दिई सहयोग गर्नुहुने विभागका उपमहानिर्देशक श्री पुष्पराज श्रेष्ठ, अग्रणी भूमिका निभाउनुहुने वैज्ञानिक अधिकृत श्रीमती मनोरमा कायस्थ र लेखा अधिकृत श्री रामबाबु पुरी, प्रुफरिडिङ गरी सहयोग गर्नुहुने वैज्ञानिक अधिकृत श्रीमती निर्मला पाण्डे तथा जडिबुटीहरुको थप फोटो दिई सहयोग गर्नुहुने यस विभागका स.वै.अ. श्री सन्जीवकुमार राईलाई धन्यवाद दिन चाहन्छु। अन्तमा यस पुस्तकले वनस्पति विभागको गरिमालाई उच्च राख्दै जनसमुदायको अपेक्षा पूरा गरोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

२०६६ असार

...................................
डा. लोकेन्द्रराज शर्मा
महानिर्देशक

# मन्तव्य

नेपालको वानस्पतिक विविधता भित्र समाहित भएका अनेकौं उपयोगी वनस्पति मध्ये जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको प्रमुख स्थान रहेको छ । हाम्रो सामाजिक जीवनमा यी वनस्पतिको महत्व धेरै पहिलेदेखि नै रहिआएको भए तापनि हालैका दशकहरुमा भएको वैज्ञानिक खोजले स्थापित गरेको महत्वको साथै व्यापारिक प्रयोजनका कारण देशको आर्थिक विकासको आकांक्षा परिपूर्ति गर्नमा समेत यी जडीबुटीहरुको उल्लेख्य भूमिका हुन सक्ने देखिएको छ। बढ्दो सामाजिक उपयोग र जनसंख्या बृद्धिका कारण प्राकृतिक रुपमा पाइने यस्ता जडीबुटीहरुको उपलब्धतामा कमी आइरहेकोले यिनीहरुको निरन्तर आपूर्तिका लागि खेती प्रविधिको विकास अनिवार्य हुन गएको छ ।

वनस्पति विभागको संयोजकत्वमा जडीबुटी एवं गैरकाष्ठ वन पैदावार समन्वय समितिद्वारा गठित प्राविधिक उपसमितिबाट अन्तर्राष्ट्रिय बजारमा हुने माग, उत्पादनको अवस्था, क्षेत्रगत फैलावट र स्थानीय उपयोगिताको आधारमा छनौट गरिएका नेपालको महत्वपूर्ण जडीबुटीहरुको परिचयात्मक रुपमा ३० प्रजातिका जडीबुटीहरुको विवरण संकलन गरि यो पुस्तकमा समावेश गरिएको छ। यस पुस्तकको प्रकाशनबाट ग्रामीण परिवेशमा समेत प्रचुर मात्रामा उपलब्ध वनस्पति स्रोतको समयानुकुल विकास गरी सामाजिक रुपान्तरणको अभियानमा समर्पित विभिन्न सामुदायिक वन विकास कार्यक्रमका अतिरिक्त प्राकृतिक स्रोतको उपयोगमा आधारित आयोजना कार्यान्वयन गर्नमा समेत सहयोग पुग्ने आशा राखिएको छ । यसबाट जडीबुटीको विकासमा सहयोग गर्न चाहने दातृ निकायहरु पनि लाभान्वित हुन सक्ने आशा गरिएको छ । यसको लेखन, सम्पादन र प्रकाशन गर्ने कार्यमा संलग्न यस विभागका उप-महानिर्देशक श्री पुष्प राज श्रेष्ठ, वै.अ.डा.लोकेन्द्र राज शर्मा, व.अ.अ.डा.महेश कुमार अधिकारी, वै.अ.श्रीमती मनोरमा कायस्थ, स.प्र.प्र.अ.डा.महेन्द्रनाथ सुवेदी, स.वै.अ.श्री कुवेर जंग मल्ल, स.वै.अ.श्री धरमात्मा लाल श्रीवास्तव र अ.वो.श्री दिल बहादुर क्षेत्रीलाई धन्यवाद दिन चाहन्छु। साथै यसको कम्प्युटर सम्बन्धी कार्यमा सहयोग गर्ने अर्जुन न्यौपाने र अमित दवाडीलाई समेत धन्यवाद दिन चाहन्छु ।

२०६३ असार

..................................
हरिकृष्ण सैंजू
महा-निर्देशक
वनस्पति विभाग

# विषय सूची


| सि.नं. | विषय | पेज |
|---|---|---|
| १. | अतिस | १ |
| २. | अमला | ५ |
| ३. | ओखर | ९ |
| ४. | कुटकी | १३ |
| ५. | गुच्ची च्याउ | १७ |
| ६. | गुर्जो | २३ |
| ७. | चिराईतो | २७ |
| ८. | जंगली सयपत्री | ३१ |
| ९. | जटामसी | ३५ |
| १०. | झ्याउ | ३९ |
| ११. | टिमुर | ४३ |
| १२. | तेजपात/नेपाली दालचिनी | ४७ |
| १३. | धसिंगरे | ५१ |
| १४. | नीम | ५५ |
| १५. | पदमचाल | ५९ |
| १६. | पाषणभेद | ६३ |
| १७. | पाँचऔंले | ६७ |
| १८. | पिपला | ७१ |
| १९. | बिष | ७५ |
| २०. | बोझो | ८९ |
| २१. | भ्याकुर | ८३ |
| २२. | मजिठो | ८७ |
| २३. | यार्सागुम्बा | ९१ |
| २४. | रिट्ठा | ९५ |
| २५. | लघुपत्र | ९९ |
| २६. | लौंठसल्ला | १०३ |
| २७. | सुगन्धकोकिला | १०७ |
| २८. | सुगन्धवाल | १११ |
| २९. | सतावरी (कुरीलो) | ११५ |
| ३० | सर्पगन्धा | ११९ |

# अतिस



| | |
|---|---|
| **बैज्ञानिक नामः** | ***Aconitum heterophyllum* Wall.** |
| **नेपाली नामः** | अतिस |
| **संस्कृत नामः** | अतिविषा |
| **स्थानीय नामः** | अतिस |
| **हिन्दी नामः** | अतिविष, विष |
| **अंग्रेजी नामः** | Atis root |
| **वानस्पतिक परिवारः** | Ranunculaceae |

# अतिस

**परिचयः**
अतिस गानाबाट उम्रने करीब १ मी. अग्लो हुने विरुवा हो । यसका गाना द्विवर्षिय हुन्छन् । यसका पातहरु फेदतिरका डाँठ भएका भए पनि माथितिरका विना डाँठका तर आँख्लालाई घेरेका हुन्छन् । फूलहरु डाँठका टुप्पामा लहरै मिलेर टुप्पा सम्म पुगेका हुन्छन् । फूल नीला चम्किला रंगका हुन्छन् । यसको गाना जोर टिको रुपमा रहेका हुन्छन् । नयाँ गाना करीब २–५ से.मी. लामा पातलो बोक्रा भएको, थोरै मात्र मसिना जराहरु निस्किएका हुन्छन् र त्रिकोणाकारका हुन्छन् ।

**फूल फुल्ने समयः** श्रावण–भाद्र

**प्राकृतिक बासस्थानः**
यो विरुवा ३२००-३७०० मिटर उचाइ भएका ठाउँहरुमा काश्मिर देखि नेपाल सम्म फैलिएको पाइन्छ ।

**उपयोगिताः**
अतिसलाई खोकी र ज्वरोको औषधिको रुपमा गाउँलेले प्रयोग गर्दछन् । जराको स्वाद तितो हुन्छ । अतिसको जरा शरीरमा फुर्ति बढाउने औषधि र तागतको औषधिमा प्रयोग हुन्छ । यो दाँत दुखेकोमा दुखाई कम गराउने औषधिको रुपमा पनि प्रयोग हुन्छ । यसको मुख्य रासायनिक तत्वमा रक्त चाप सम्बन्धी औषधिय गुण दर्साइएको छ ।

**संकलन समय र विधिः**
जंगली विरुवाबाट गाना संकलन गर्दा कार्तिक-मंसिरतिर फल पाकीसकेपछि गाना खन्ने काम गर्नु पर्दछ, जसले गर्दा पुनः वीउहरु भुईंमा झरेर प्राकृतिक पुनरुत्थानको लागि सहयोग पुऱ्याउँछ । खेतीको विरुवाबाट गाना संकलन गर्दा सारेको ३-४ वर्ष सम्म विरुवामा फूल फुल्दैन । त्यसपछि विरुवामा फल लाग्दछ र विरुवा खन्न लायक हुन्छ । खास त विरुवामा फूल फुलेको अवस्थामा यसको गानामा पाइने अतिसिन भन्ने रसायनिक तत्व बढी मात्रामा रहेको हुन्छ । यस्तो अवस्थामा संकलन गरेका गानाहरु उत्तम मानिन्छन् । तै पनि फल पाकी सक्नासाथ गाना संकलन गरियो भने अर्को पटकको लागि वीउहरु पनि संकलन गर्न सकिन्छ । गाना काटेर उत्पादन गरिएका विरुवा तीन वर्षमा फुल्दछन् र वीउबाट उमारिएका भन्दा छिट्टै बाली लिन योग्य हुन्छन् ।

**प्रसारण विधिः**
यसको वीउहरु कार्तिकतिर पाक्दछन् । वीउ संकलन गर्नको लागि यसका टुप्पामा रहेका क्याप्सुल आकारका पाकेका फललाई विस्तारै काटेर सुकाइन्छ र एक हप्ता भित्र क्याप्सुल फुटेर वीउहरु निस्कन्छन् । ती वीउहरुलाई ४-५ महिना जति राम्ररी भण्डार गरेर चैत्रतिर छर्नु पर्दछ । तर अलिकति तल्लो भेगतिर ल्याएर पोलीहाउस भित्र वीउ संकलन गरेको २/३ हप्ता भित्रै पनि छर्न सकिन्छ । बालुवा, माटो र मल मिसाएर बनाएको मिस्रणमा वीउहरु राम्ररी उम्रन्छन् । तल्लो भेगमा उमारिएका विरुवाहरु चैत्रमा माथिल्लो भेगमा सार्नु पर्दछ । त्यस बाहेक यसको गानालाई काटेर पनि विरुवाहरु तयार गर्न सकिन्छ । गानाका टुप्पामा रहेका मुनाहरुलाई काटेर छुट्टयाई एउटा गानाबाट केही अरु विरुवाहरु तयार गर्न सकिन्छ भने गानामा रहेको आँख्लाहरु सहित रहने गरी टुक्रा टुक्रा गरी काटेर पनि यसबाट उत्पादन गर्ने गरिन्छ । यसरी तयार गरिएका विरुवाबाट छिट्टै गाना संकलन गर्न सकिन्छ भने वीउबाट उमारिएका विरुवबाट उत्पादन लिन करीब ४/५ वर्ष लाग्दछ ।

**प्रमुख रसायनिक तत्वः**
अतिसको मुख्य तत्व अतिसिन (Atisine) हो ।